# कार्यक्रमको संक्षिप्त प्रतिवेदनको ढाँचा

१) **कार्यक्रमको नामः** समुदायमा सरकारी वकीलकार्यक्रम- शिक्षक बिद्दार्थी सँग सम्बाद।

२) **कार्यक्रम सञ्चालन स्थानः** जिल्ला बर्दिया बढैयाताल गाउँपालीका वडा नं.३ स्थित सारदा मा.बि.मैनापोखर ।

३) **मितिः** २०८१।०८।७

४) **कार्यक्रमको अवधिः** दिउँसो २.०० बजेदेखि ४.०० बजे सम्म

५) **सहभागी संख्या** ५६(महिलाः २६ पुरूषः ३० अन्यः)

६) **कार्यक्रमकों उद्देश्यः**

क. सरकारवादी फौजदारी मुद्दासँग सम्बन्धित कानूनको बारेमा शिक्षक बिद्दार्थीलाई जानकारी गराउने

ख. सरकारी वकील तथा कार्यालयको परिचय र काम कारवाही बारे जानकारी गराउने

ग. फौजदारी अपराध र बाल न्याय प्रणालीका बारेमा कक्षा १० का बिद्दार्गीहरुलाई प्रशिक्षित गराउने

**७.प्रस्तुत भएका विषयहरूको सार संक्षेपः**

- सरकारबादी मुद्धा, त्यसको अनुसन्धान, अभियोजन र प्रतिरक्षामा सरकारी वकीलको भुमिका,
- अपराध अनुसन्धान र फौजदारी न्याय प्रणालीमा बिद्दार्थिहरुको भूमिका र संरकारी वकिलको अपेच्छा।
- बिद्दार्थि, शिक्षक र सरकारी वकीलको फौजदारी न्याय प्रक्रियामा भुमिका,
- बाल न्याय सम्बन्धि कानूनी ब्यबस्था र प्रयोग

८.प्रस्तुत भएको विषयछलफलमा सहभागीहरुबाट व्यक्त भएका विचार तथा धारणाहरुः-

क.बिद्दार्थी सहभागीहरुबाट जिल्ला सरकारी विकील कार्यालय बर्दियाबाट सारदा मा.बि. मैनापोखरमा संचालन गरिएको समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत बिद्दार्थी सम्बाद कार्यक्रम अति नै प्रभावकारी रहेको भनी कार्यक्रमलाइ प्रसंसा गरिएको र सहभागी बिद्दार्थीहरुबाटआफुलाइ लागेका बिभिन्न जिज्ञासाहरु प्रस्तुत भएका थिए।

ख.कक्षा १० मा अध्ययनरत छात्र रोहित थारुले दश बर्ष मुनीका बालकले हत्या गरेमा सजाय हुन्छ हुदैन भनी आफ्नो जिज्ञासा राखेका थिए भने अस्मिन थारुले कसैले पसलमा लागूपदार्थ राखेर बिक्री गरेमा कस्तो सजाय हुन्छ भनी प्रश्न गरेका थिए। सुस्मिता थारुले मानव बेचविखन गरेमा कति बर्ष सजाय हुन्छ भनी सोधेका थिए। अपराध गरेको केही समयपछि कानून परिवर्तन भयो भने के हुन्छ भनी आफ्नो जिज्ञासा राखेका थिए। करुना थारुले बलत्कार भएका कतिसम्म सजाय हुन्छ भनी प्रश्न गर्नु भएको थियो। त्यसै गरी कक्षा १० मै अध्ययनरत छात्रा सावित्री पासी र सरिता थापाले जवरजस्ति बिवाह र लैंगिक. भेदभावलाइ अपराध मानिन्छ मानिदैन। ड्रग्स सेवन गर्नेलाइ कति सजाय हुन्छ भनी आफ्ना जिज्ञासा राखु भएको थियो।सुस्मिता थारुले दाइजो प्रथा हटाउन के कस्ता उपाएहरु अपनाउनु



जिल्ला सरकारी वकिल कार्यालय बर्दिया स्था. २०४२

पर्छ भनी आफ्नो जिज्ञासा राख्नु भएको थियो। चाँदनी थारुले नेपालमा फासीको सजाय किन हुदैन भनी आफ्नो जिज्ञासा राख्नु भएको थियो।

ग.प्रमुख अतिथीवाट मन्तव्यः– जिल्ला सरकारी वकील कार्यालय बर्दियाले सारदा माध्यामिक विद्दालयमा आएर बिद्दार्थीहरुसँग अन्तर्किया,छलफल गरी कानुनी सचेतना संचार गरेको तथा सहभागीहरुका जिज्ञाशाको समाधान गरेकोमा धन्यवाद दिदै यस्तो महत्वपूर्ण कार्यक्रमबाट समाजमा कानूनी साक्षरताको अभिबृद्धि भइ अपराध न्यूनिकरणमा मद्दत पुग्न जान्छ र यस किसिमका कार्यक्रमबाट सरकारी वकीलको कामकारवाहीमा समेत प्रभावकारीता ल्याउनुका साथै बिद्दार्थिहरुले आफुले जानकारी पाएका कुराहरु आफ्नो घर परिवार र समाजमा लागू गर्ने हुँद अपराधिक गतिविधिमा कमी आउनेछ भनी कार्यक्रमका प्रमुख अतिथि बिद्दालयका प्रधानाध्यापक श्री रविन्द्र राज लम्साल वाट आफ्नो धारणा सहितको मन्तव्य राख्नु गर्नु भएको थियो।

घ.कार्यक्रमको अध्यक्षता गर्नु भएको जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता कर्ण बहादुर बुढाक्षेत्री बाट सहभागी छात्रछात्राहरुको जिज्ञासालाइ मेटाउदै आफ्नो मन्तब्य सहित कार्यक्रमको समापन भएको थियो।

९.कार्यपत्र प्रस्तुतकर्ताः जिल्ला सरकारी वकील कार्यालयका जि.न्या.ब. श्री कर्ण बहादुर बुढाक्षेत्री ।

१०.कार्यक्रम संचालनमा राखेका अपेक्षाहरुः-

- समुदायमा सरकारी वकील (out reach ) कार्यक्रमबाट बिद्दार्थीहरुलाई फौजदारी न्याय प्रणालीका बारेमा ज्ञान हुनेछ ।
- फौजदारी न्याय प्रणालीसँग सम्बन्धित कानूनी ज्ञान हुनेछ र फौजदारी न्याय प्रकृयामा सरोकारवालाको सरकारी वकील समक्ष सहज पहुच हुनेछ ।
- बिद्दार्थिहरुले प्रस्तुत कार्यक्रमबाट पाएको ज्ञानलाई आफ्नो घर परिवार र समाजमा लागू गरी समाजमा अपराध न्यूनिकरण हुनेछ।

११.मुख्य उपलब्धीहरूः

(क) बिद्दार्थिहरुलाइ फौजदारी न्याय प्रणाली र सम्बन्धित कानूनी ब्यवस्थाका बारेमा जानकारी भएको।

(ख) सरकारी वकीलको काम कर्तब्य र उद्देश्य बारेमा जानकारी प्राप्त भएको ।

(ग) फौजदारी न्याय प्रणालीमा बिद्दार्थीहरुको सहयोग र सरकारी वकीलको भुमिकाको वारेमा जानकारी भएको ।

१२.सहभागीको सुझावः-

क यस्ता कार्यक्रमहरु सबै बिद्दालयहरुमा संचालन हुनु पर्ने ।

जिल्ला सरकारी वकिल कार्यालय बर्दिया स्था. २०४२

१३. आयोजकको अनुभवः-

(क) कार्यक्रममा बिद्यार्थिहरुको सक्रिय सहभागिता रहेको ।

(ख) कार्यक्रम प्रभावकारी भएको ।

(ग) कार्यक्रमका विषयवस्तुमा गहन एवं बिस्तृत छलफल भएको ।

१४. आगामी कार्यक्रमका लागि सुझावः-

(क) स्वीकृत यस कार्यक्रमले सरकारी वकील संस्थाको परिचय महत्व र गरिमा बृद्धि गरेको हुँदा निरन्तरता हुनुपर्ने ।

संलग्न अनुसूचीहरू:

(क) कार्यक्रम तालिका

| समय | बिषय | सहजकर्ता |
|---|---|---|
| दिउसो २.०० बजे देखी ४.०० बजे सम्म | कार्यक्रमको परिचय सहित कार्यक्रम संचालन | सहायक जिल्ला न्यायाधिबक्ता शिवराज पौडेल |
| | कार्यपत्र प्रस्तुतकर्ता | जि.न्या.ब. श्री कर्ण बहादुर बुढाक्षेत्री |
| | अन्तरक्रिया/ सहभागिहरु संग छलफल | खुला छलफल |
| | मन्तब्य | बिद्दालयका प्रधानाध्यापक श्री रविन्द्र राज लम्साल |
| | जिज्ञासाको समाधान | जि.न्या.ब. श्री कर्ण बहादुर बुढाक्षेत्री |
| | मन्तव्य/समापन | जि.न्या.ब. श्री कर्ण बहादुर बुढाक्षेत्री |

(ख) कार्यक्रमको नाम — समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत शिक्षक बिद्यार्थीसँग सम्बाद

(ग)मिति २०८१।०८।०७ गते शुक्रबार

(घ)कार्यक्रम स्थान बढैयाताल गाउँपालीका वडा नं ३ स्थित सारदा मा.बि. मैनापोखर बर्दिया ।

(ङ)सहभागीको नामावली: संलग्न पाना २

जिल्ला सरकारी वकिल कार्यालय बर्दिया स्था. २०४२

प्रतिवेदन प्रस्तुत कर्ताः-
कर्ण बहादुर बुढाक्षेत्री
(जिल्ला न्यायाधिवक्ता)
मितिः २०८१।०८।१४